## लोक सेवा आयोग

# सूचना-पत्र

## BULLETIN

### साप्ताहिक
### (बुधवार प्रकाशित हुने)


| वर्ष ३६ | २०७६ वैशाख ११ गते | अंक ४१ |
|---|---|---|
| YEAR 36 | 24 APRIL 2019 | NO. 41 |


## विषयसूची


पृष्ठ

१. अन्तर्वार्ता सम्बन्धी सूचना — २

(क) व्यवस्थापिका संसद, शिक्षा तथा मुद्रण, मुद्रण अधिकृत, रा.प.तृतीय (खुला)

२. विविध — २

(क) खरिदार वा सो सरहको पदको दरखास्त दस्तुर बुझाउने म्याद थप सम्बन्धी सूचना

(ख) परीक्षा रद्द गरी निलम्बन गरिएको सूचना


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### अन्तर्वार्ता सम्बन्धी सूचना

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरको देहायका विज्ञापनमा लिइएको लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरु मध्ये वर्णानुक्रमानुसार देहायका रोल नम्बर तथा नाम थर भएका उम्मेदवारहरु उत्तीर्ण भई सामूहिक छलफल र अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। **सामूहिक छलफल र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारहरुले पासपोर्ट साइजको फोटो २ प्रति, आवश्यक न्यूनतम योग्यता एकीन हुने सम्पूर्ण प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरु र दरखास्त फारामको प्रथम र तृतीय पाना २ प्रति भरी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस आयोगको दरखास्त व्यवस्थापन केन्द्रमा उक्त प्रमाणपत्रहरुको प्रतिलिपि उम्मेदवार आफैले प्रमाणित गरी रुजु गराउनु पर्नेछ। आवश्यक न्यूनतम योग्यता तथा अन्य आवश्यक कागजातको प्रमाणपत्रहरु नपुऱ्याएमा जुनसुकै बखत दरखास्त रद्द हुनेछ।** छनौट भएका उम्मेदवारले देहायको स्थान, मिति र समयमा हुने सामूहिक छलफल र अन्तर्वार्ता दिन आउँदा माथि उल्लेखित सक्कल कागजात र प्रवेशपत्र लिई १(एक) घण्टा अगावै आयोगको अन्तर्वार्ता तथा सिफारिस शाखामा अनिवार्य उपस्थित हुनुपर्नेछ। सामूहिक छलफल र अन्तर्वार्ताका दिन सार्वजनिक विदा पर्न गएमा पनि उक्त कार्यक्रम यथावत् सञ्चालन हुनेछ।

सूचना नं. ४८७/०७५-७६

**सेवा, समूह, उपसमूह :-** व्यवस्थापिका संसद, शिक्षा तथा मुद्रण **पद :-** मुद्रण अधिकृत **श्रेणी/तह :-** रा.प.तृतीय

**लिखित परीक्षा सञ्चालन मिति :-** २०७५/१०/१० र ११ गते **नतिजा प्रकाशन गर्ने कार्यालय :-** लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर।

**लिखित नतिजा प्रकाशन मितिः-** २०७६/१/४

| विज्ञापन नं. (०७५/७६) | किसिम | माग पद संख्या | लि.प.मा सम्मिलित संख्या | अन्तर्वार्ताको लागि छनौट भएको संख्या |
|---|---|---|---|---|
| १७५५१ | खुला | १ | १५ | ३ |

| ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर | ब.क्र.नं. | रोल नं. | नाम, थर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३०००१ | उत्तम खनाल | २ | १३००१४ | प्रमिलाकुमारी लामिछाने | ३ | १३०००३ | रोबन प्रजापती |

**सामूहिक छलफल र अन्तर्वार्ता हुने मिति, समय र स्थानः- लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर।**

| ब.क्र.नं. | सामूहिक छलफल | | ब.क्र.नं. | अन्तर्वार्ता कार्यक्रम | |
|---|---|---|---|---|---|
| | मिति | समय | | मिति | समय |
| १-३ | २०७६/१/३० गते | दिनको ११:३० बजे | १-३ | २०७६/१/३० गते | दिनको १२:३० बजे |

## सूचना तथा प्रकाशन शाखा

### खरिदार वा सो सरहको पदको दरखास्त दस्तुर बुझाउने म्याद थप सम्बन्धी सूचना

सूचना नं. ४८९/०७५-७६

यस आयोगबाट मिति २०७५/११/२९ मा प्रकाशन भएको खरिदार वा सो सरहको विज्ञापनको दरखास्त दस्तुर बुझाउने अन्तिम मिति २०७५/१२/२७ रहेकोमा सो दिन RMIS System नचलेको कारण बैंकहरुले दरखास्त दस्तुर बुझ्न नसकेको हुँदा आयोगको मिति २०७६/१/९ को निर्णय अनुसार दरखास्त दस्तुर बुझाउने म्याद थप गरिएकोले छुट भएका उम्मेदवारहरुले यही मिति २०७६/१/१२ गते भित्र पूर्व सूचनामा उल्लेखित बैंकमा गई दरखास्त दस्तुर बुझाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## परीक्षा सञ्चालन शाखा(सु. नि. तथा सं.स.)

### परीक्षा रद्द गरी निलम्बन गरिएको सूचना

सूचना नं. ४९०/०७५-७६

आयोगबाट मिति २०७५।१२।८ गते सञ्चालित नेपाल राष्ट्र बैंकको सहायक द्वितीय पदको प्रतियोगितात्मक लिखित परीक्षामा देहाय बमोजिमका उम्मेदवारले परीक्षामा अनियमित कार्य गरेको हुँदा कारवाही गरिएको व्यहोरा आयोगको मिति २०७५/१२/२१ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | रोल नं | उम्मेदवारको नाम थर र ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|---|
| १ | २४/०७५ | १७६६० | ध्रुव खनाल, मालारानी-४, अर्घाखाँची | ढुनिराम/विष्णुमाया | चुडामणी | मोबाइल फोनको प्रयोग गरेको। | निज उम्मेदवारको उक्त विज्ञापनको परीक्षा रद्द गरी मिति २०७५।१२।८ देखि लागू हुने गरी २ (दुई) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गरिएको। |

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा मूल्य रु. २।- (दुई)
ई-मेलः: info@psc.gov.np वेभसाइटः www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं २०७६/१/११ गते बुधबार